नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार काठमाण्डौं
(कर्मचारी प्रशासन तथा आन्तरिक ब्यवस्थापन शाखा)

☎ ४२००३१४, ४२००२९९, ४२००५०५, ४२००२९१

पत्र संख्या :- ०७३/०७४
चलानी नं.: ४१९४

मिति २०७४।३।१८

विषयः परिपत्र ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,पुल्चोक
श्री केन्द्रीय पञ्जीकरण विभाग, बबहरमहल
श्री समिति, प्रतिष्ठान, आयोग सवै
श्री जिल्ला समन्वय समितिको कार्यालय सवै
श्री महानगरकार्यपालिका/उपमहानगरकार्यपालिका/नगरकार्यपालिकाको कार्यालय, सबै
श्री गाउँकार्यपालिकाको कार्यालय, सबै

उपरोक्त सम्वन्धमा राष्ट्रिय सर्तकता केन्दको च.न. ११२०७००१३७, मिति २०७४।०३।१३ को प्राप्त पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ । सो अनुसार गर्नु/गराउनु हुन यस मन्त्रालयको ०७४।०३।१४ को निर्णयानुसार अनुरोध छ ।

(रविन्द्रजंग थापा)
शाखा अधिकृत

बोधार्थ
श्री सूचना तथा विधुतीय शासन शाखा : *Website* मा राखिदिनु हुन ।

नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार

# आ.ब. २०७३।७४ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी

## सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६०(साठी) दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको श्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरुले आ.ब. २०७३।७४ को सम्पत्ति विवरण नयाँ नियुक्ति भएको वा आर्थिक वर्ष समाप्त भएको मितिले ६०(साठी) दिन भित्र नेपाल सरकारले तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा सम्पत्ति विवरण भरी बुझाउनु हुन अनुरोध छ ।

निजामती कर्मचारीले निजामती किताबखानामा, नेपाली सेनाले सैनिक अभिलेखालयमा, नेपाल प्रहरीले प्रहरी किताबखानामा, विद्यालय शिक्षक/कर्मचारीहरुले विद्यालय शिक्षक किताबखानामा र अन्य सार्वजनिक निकाय(स्थानीयतह/विश्वविद्यालयहरु/आयोग/प्रतिष्ठान/समिति/व्यवस्थापिका संसदका माननीय सदस्यहरु/संघ/संस्थान/बोर्ड/ लगायतका अन्य सार्वजनिक निकाय आदि)मा कार्यरत सार्वजनिक पद धारण गरेका व्यक्तिले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०६७।१।६ को राजपत्रमा प्रकाशित सूचनामा तोकिएको निकायमा सम्पत्ति विवरणको खाम बन्दी गरी बुझाउनु पर्ने छ । उक्त सूचना यस केन्द्रको Website: www.nvc.gov.np मा राखिएको छ । सार्वजनिक पद धारण गरेको व्यक्तिले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारवाहीको लागि सिफारिस गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७४।४।१२